# २०८१ सालको नगर कार्यपालिका बैठक

आज मिति २०८१/०९/२९ गते यस राजपुर नगरपालिका, राजपुर, रौतहटका नगर प्रमुख श्री डा.मो.राजीक आलम ज्यूको अध्यक्षतामा तपसिलमा उल्लेखित पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्नानुसार प्रस्तावमाथि छलफल गरी निर्णय समेत गरियो ।

## उपस्थिति

श्री डा.मो.राजीक आलम - नगर प्रमुख राजपुर नगरपालिका, राजपुर, रौतहट

श्री जमिला असगरी - उप प्रमुख राजपुर नगरपालिका, राजपुर, रौतहट

श्री शेख अमिरुल्लाह - १ नं वडा अध्यक्ष राजपुर नगरपालिका, राजपुर, रौतहट

श्री सोनालाल पंडित - २ नं. वडा अध्यक्ष राजपुर नगरपालिका, राजपुर, रौतहट

श्री शेख हसिन अख्तर - ३ नं. वडा अध्यक्ष राजपुर नगरपालिका, राजपुर, रौतहट

श्री शेख अन्सारुल हक - ४ नं. वडा अध्यक्ष राजपुर नगरपालिका, राजपुर, रौतहट

श्री कृष्णनन्दन राम - ५ नं. वडा अध्यक्ष राजपुर नगरपालिका, राजपुर, रौतहट

श्री शेख समसे आलम - ६ नं. वडा अध्यक्ष राजपुर नगरपालिका, राजपुर, रौतहट

श्री इन्ताज हुसेन - ७ नं. वडा अध्यक्ष राजपुर नगरपालिका, राजपुर, रौतहट

श्री शेख सोयब - ८ नं. वडा अध्यक्ष राजपुर नगरपालिका, राजपुर, रौतहट

श्री शे. नसरुल - ९ नं. वडा अध्यक्ष राजपुर नगरपालिका, राजपुर, रौतहट

श्री शिउ साह कानु - कार्यपालिका सदस्य वडा नं. ५

श्री शिव बैठा धोवी - कार्यपालिका सदस्य वडा नं. ९

श्री मनोज कुमार - कार्यपालिका सदस्य वडा नं. ५

श्री रामकली देवी - कार्यपालिका सदस्य वडा नं. ५

श्री सरस्वती देवी - कार्यपालिका सदस्य वडा नं. १

श्री शान्ति देवी चमईन - कार्यपालिका सदस्य वडा नं. २

श्री सुमारी देवी - कार्यपालिकासदस्य वडा नं. २

श्री सदरुन नेसा - कार्यपालिका सदस्य वडा नं. ३

श्री खुर्सेद आलम - नि. प्रमुख प्रशासकीय अधिकृत राजपुर नगरपालिका, राजपुर, रौतहट

CamScanner

(१) यस राजपुर नगरपालिका अन्तर्गत चालु आ.व.२०८१/०८२ मा समानिकरण तर्फ प्रतिवडा रु.२५ लाखका दरले वडा स्तरीय योजना/कार्यक्रम संचालनका लागि बजेट शिलिङ्ग स्वीकृत गर्न निर्णय गरियो ।

(२) स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को दफा १५५ ले दिएको अधिकार अनुसार यस नगरपालिका अन्तर्गत कार्यरत स्थायी कर्मचारीहरुलाई तह बृद्धि/स्तरबृद्धि गर्नका लागि "राजपुर नगरपालिका तहबृद्धि/स्तरबृद्धि सम्बन्धि कार्यविधि-२०८१" स्वीकृत गर्न निर्णय गरियो ।

(३) यस राजपुर नगरपालिका वडा नं.१ अन्तर्गत आ.व.२०७७/०७८ मा ठे.नं.०३/२०७७/०७८ Construction of Bhagwanpur school Road PCC works कार्य गुणस्तरहीन गरेकोले सम्बन्धित ठेकेदार उपर आवश्यक कार्यवाही गरी भुक्तानी रोक्का गर्ने भनी मिति २०८१/०३/१४ गतेमा दिनु भएको निवेदन अनुसार सो योजना स्वीकृत लागत इष्टिमेट अनुसार गुणस्तरयुक्त काम भए/नभएको स्थलगत नापजाँच गरी १५ दिनभित्र प्रतिवेदन पेश गर्नका लागि यस नगरपालिका अन्तर्गत कार्यरत इन्जिनियर राजेश कुमार रायको संयोजकत्वमा सव-इन्जिनियर साजिद आलम, गुलफराज अहमद सहितको ३ सदस्यी समिति गठन गर्न निर्णय गरियो ।

(४) यस राजपुर नगरपालिकाको आ.व.२०८०/०८१ को स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन (LISA) मा प्रारम्भिक नतिजामा प्राप्त अंक ८८% लाई अनुमोदनका लागि श्री जिल्ला समन्वय समितिको कार्यालय, गौर, रौतहटमा पेश गर्न निर्णय गरियो ।




